का.जि.प्र.का.द.नं. १००/०५२/६०
११ कात्तिक २०८३
बुधबार
28 October 2026
Wednesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह

राष्ट्रिय दैनिक


ई-पेपर हेर्न

वर्ष २४, अंक २७१। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

सेनाभित्र बढ्दै अनुशासन उल्लंघन

■ ५ वर्षमा १,४८३ सैनिकमाथि कारबाही

पछिल्ला दुई आर्थिक वर्षमा कारबाहीमा पर्ने सैनिकको संख्या बढेको छ। अनुशासन तथा आचरण उल्लंघन, हातपात, गयल, भगौडा, सरकारी कागजात हराउने, निर्देशनको अवज्ञा गर्ने, सम्पत्तिमा हानि-नोक्सानी पुऱ्याउने, हतियार तथा अन्य सरसामान हराउने, ठगी, हत्या, झुटा व्यहोरा र कीर्तेजस्ता कसुरमा सैनिक जवानहरू कारबाहीमा परेका छन्।



मध्यान्ह संवाददाता
काठमाडौं, १० कात्तिक

पछिल्लो पाँच वर्षमा अनुशासन उल्लंघनको आरोपमा एक हजार ४८३ सैनिक कारबाहीमा परेका छन्। नेपाली सेनाभित्र अनुशासन तथा आचरण उल्लंघनदेखि भगौडा, हातपात, सरकारी कागजात हराउने, सम्पत्तिमा हानि-नोक्सानी पुऱ्याउने र ठगीजस्ता कसुरमा सैनिकमाथि कारबाही भएको छ। रक्षा मन्त्रालयका अनुसार पछिल्ला पाँच आर्थिक वर्षमा नेपाली सेनाका एक हजार ४८३ सैनिक कारबाहीमा परेका हुन्। नेपाली कांग्रेसका सांसद निश्कल राईले संसद् सचिवालयमार्फत रक्षा मन्त्रालयलाई लिखित रूपमा प्रश्न गरेका थिए। 'नेपाली सेना भन्नेबित्तिकै अनुशासन र चेन अफ कमान्डभित्र अनुशासित संगठन भनेर बुझिन्छ। तर पछिल्ला वर्षमा त्यही अनुशासित संगठन नेपाली सेनाभित्र पनि अनुशासनहीनता बढ्दै गएको छ भन्ने सुनिन्छ। के यो सत्य हो ?' राईको प्रश्न थियो, 'तथ्य र तथ्यांकले के भन्छ ? पछिल्लो पाँच आर्थिक वर्षमा (आर्थिक वर्ष २०७८/७९ देखि २०८२/८३ सम्म) नेपाली सेनाभित्र कतिजना सैनिक कारबाहीमा परे ? र के »» पृष्ठ २ मा



काठमाडौंको हाँडीगाउँमा चोक्काथुनारायणको जात्रामा ब्रह्मा, विष्णु र महेश्वरका प्रतीक रहेका तीनवटा खट निकालेर विभिन्न टोल परिक्रमा गराइँदै। *तस्बिर : सुर्याम्स उप्रेती/नेपाल फोटो लाइब्रेरी*



प्रधानमन्त्री कोषमा १८ अर्ब

पुनर्वासको छैन टुंगो

प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा १८ अर्ब रुपैयाँभन्दा बढी जम्मा भए पनि बाढीपीडितको पुनर्स्थापना अन्योलमा छ। प्रभावित क्षेत्रमा रकम निकासा र खर्चको विवरणसमेत स्पष्ट छैन।

सपना बोहरा/मध्यान्ह
काठमाडौं, ११ कात्तिक

भोटेकोशीमा बाढी आएको दुई महिना पुग्यो। तर, बाढी प्रभावितको पुनर्स्थापना हुन सकेको छैन। प्रभावितहरू कहाँ बस्ने भन्ने अन्योलमै छन्। यस्तो अवस्थामा प्राकृतिक विपद्बाट प्रभावित नागरिकको उद्धार, राहत, पुनर्स्थापना तथा पुनर्निर्माणका लागि स्थापना गरिएको प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा भने १८ अर्ब रुपैयाँभन्दा बढी रकम थुप्रिएको छ। कोषमा रकम थपिने क्रम जारी रहे पनि संकलित रकमको उपयोग, प्रभावित क्षेत्रमा निकासा र वास्तविक पीडितसम्म सहायता पुऱ्याउने काम प्रभावकारी हुन सकेको छैन।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार कात्तिक ९ गते बिहान ९ बजेसम्म »» पृष्ठ २ मा

> बाढी प्रभावितहरूको राहतका लागि निजी संस्थाहरूले प्रदान गरेको सामग्रीबाट चलाउँदै आएको छौं, सरकारले दसैंपछि रकम पठाउने कुरा हो, अब आउँछ होला।



■ सत्यराज जोशी
सूचना अधिकारी
किस्पाङ गाउपालिका
नुवाकोट

> हालसम्म केन्द्रीय सरकारको तर्फबाट कुनै राहत तथा पुनर्स्थापनाका लागि रकम पुगेको छैन। किरिया खर्चका लागि भनेर बजेट पठाएको छ रे, तर मृत घोषणा नगरी बजेट पाइँदैन, त्यस्तो नाम मात्रको बजेटको के काम ?



■ अमरबहादुर बुलुन
वडाध्यक्ष
उत्तरगया-४

वैदेशिक रोजगार विशेष

मलेसियाको गतिरोध हटाउन नेपालबाट छलफलको प्रस्ताव

मध्यान्ह संवाददाता
काठमाडौं, १० कात्तिक

युवा, श्रम तथा रोजगार मन्त्रालयले प्रमुख श्रम गन्तव्य मलेसियामा नेपाली श्रमिक पठाउन उत्पन्न गतिरोधका सम्बन्धमा छलफलका लागि मलेसियालाई दुईवटा मिति प्रस्ताव गरेर पत्र पठाएको छ। मलेसियाको फरेन वर्कर सेन्ट्रल म्यानेजमेन्ट सिस्टम (एफडब्लुसिएमएस)मा २५ म्यानपावर कम्पनीलाई मुख्य र २५० कम्पनीलाई सहायक एजेन्सीका रूपमा रजिस्टर गर्ने निर्णय अस्वीकार गर्दै जवाफ पठाएको नेपालले त्यसपछि उत्पन्न जटिल परिस्थितिको निकासका लागि छलफल गर्न पत्र पठाएको बताइएको छ।

नेपाल र मलेसियाबीच समस्या समाधानका लागि गठन भएको 'जोइन्ट वर्किङ ग्रुप' (जेडब्लुजी)को बैठकका लागि मन्त्रालयले आगामी नोभेम्बर महिनाको १८ र १९ तारिख अर्थात् मंसिर २ र ३ गते वा डिसेम्बर २ र ३ तारिख अर्थात् मंसिर १६ र १७ गतेमध्ये एक मितिमा वार्ता गर्न प्रस्ताव गरेको श्रम मन्त्रालयले जनाएको छ। नेपालले सोमबार मलेसियालाई उक्त पत्र पठाएको हो। मलेसियाका तर्फबाट जवाफ आइसकेको छैन।

मन्त्रालयले एफडब्लुसिएमएसले गरेको २७५ म्यानपावर कम्पनीको छनोटलगायतका विषयलाई एजेन्डाका रूपमा प्रस्ताव गरिएको बताएको छ। मन्त्रालयका सहायक प्रवक्ता जगदीश पराजुलीले बैठकसम्बन्धी पत्रको सकारात्मक जवाफको प्रतीक्षा भइरहेको बताएका »» पृष्ठ २ मा

इटहरीमा म्यानपावरका शाखाहरूमा अनुगमन

काठमाडौं/मस- श्रम तथा रोजगार कार्यालय विराटनगरले इटहरीमा रहेका विभिन्न म्यानपावर कम्पनीका शाखाहरूको अनुगमन गरेको छ। इटहरी उपमहानगर क्षेत्रमा इजाजतप्राप्त म्यानपावर कम्पनीका १६ वटा शाखा भए पनि ६० भन्दा बढी म्यानपावर कम्पनीका शाखा भन्दै साइनबोर्ड राखेर कार्यालय सञ्चालन गरिएको छ।

कार्यालयका इन्जिनियर दुर्गा आचार्यले केही म्यानपावर कम्पनीका शाखाहरूले अख्तियारी नाघेर कारोबार गर्ने, तोकिएभन्दा बढी रकम लिने र लामो समयसम्म सेवाग्राहीको राहदानी कार्यालयमै राखेर हैरानी दिने जस्ता गुनासा आउने गरेकाले अनुगमन गरिएको बताएका छन्।

केही कम्पनीमा शंकास्पद कागजात फेला परेपछि कार्यालयले ती कागजात नियन्त्रणमा लिएको छ। सम्बन्धित म्यानपावर कम्पनीका शाखा प्रमुखलाई तीन दिनभित्र कागजातसहित श्रम तथा रोजगार कार्यालयमा »» पृष्ठ २ मा

VACANCY ANNOUNCEMENT
यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला।
☑ Accountant - 2 (Male/Female)
☑ Receptionist - 2 (Female)
☑ PRO - 5 (Male/Female)
Salary Negotiable
▸ Education: +2 Passed.
▸ Experienced in Related Fields.
Destiny H.R.Group Pvt. Ltd.
Govt.Lic.No.: 1552/079/080
Sinamangal-9, Kathmandu.Tel No : 5913085/5914085
Whatsapp No : 9851319788
Email : admdestinyhr@gmail.com
Website : www.destinyhrgroup.com.np

VACANCY ANNOUNCEMENT
We are currently looking for qualified and motivated candidates for the following positions at our manpower agency:
☑ Public Relation Officer (M/F-5)
▸ Experienced in Related Fields.
Salary Negotiable
Send Your CV at info@bridgeskyhr.com.np
BRIDGE SKY H.R. SOLUTION PVT.LTD.
श्रम इजाजत पत्र नं. ९८४४/०८२/०८३
Tokha-10, Samakushi, Kathmandu, Nepal,
Tel No : +977-1-4980272





चितवन र कर्णालीको राज

सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल)मा चितवन राइनोज र कर्णाली याक्सले सुखद सुरुवात गरेका छन्। मंगलबार भएको खेलमा विराटनगर किंग्सलाई ८ रनले पराजित गर्दै चितवन तथा जनकपुर बोल्ट्सलाई १९ रनले पराजित गर्दै कर्णालीले प्रतियोगितामा महत्त्वपूर्ण २-२ अंक जोडेका छन्।

विस्तृत समाचार पृष्ठ ७ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

११ कात्तिक २०८३ बुधबार
28 October 2026 Wednesday

गाभीको ८ अर्ब ५९ करोडको खोप सहयोग

काठमाडौं/मस-नेपालले ग्लोबल एलायन्स फर भ्याक्सिन्स एन्ड इम्युनाइजेसन (गाभी)बाट सन् २०३० सम्म राष्ट्रिय नियमित खोप कार्यक्रमका लागि ८ अर्ब ५९ करोड १९ लाख ६८ हजार रुपैयाँबराबरको सहायता प्राप्त गर्ने भएको छ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको नेतृत्वमा गरिएको पहल र संवादका आधारमा नेपालले उक्त सहायता प्राप्त गर्ने भएको हो। मन्त्रालयका अनुसार यसले राष्ट्रिय खोप कार्यक्रमको निरन्तरता र दिगोपनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।



यसैगरी, गाभीबाट आर्थिक वर्ष २०१६/१७ देखि २०२१/२२ सम्म नेपालको नियमित खोप कार्यक्रमका लागि प्रदान गरिएको सहायताको लेखापरीक्षणका क्रममा प्रक्रियागत त्रुटि औँल्याउँदै फिर्ता गर्नुपर्ने भनिएको ३ लाख ८ हजार २७१ अमेरिकी डलरसमेत मिनाहा भएको छ। विश्वव्यापी रूपमा विकास सहायता तथा वित्तीय स्रोतमा दबाब बढिरहेको अवस्थामा सन् २०३० सम्मका लागि खोप सहायता सुनिश्चित हुनु र फिर्ता गर्नुपर्ने भनिएको रकम मिनाहा हुनु नेपालको राष्ट्रिय खोप कार्यक्रमका लागि महत्त्वपूर्ण उपलब्धि भएको मन्त्रालयले जनाएको छ।

मन्त्री मेहताको पहल तथा गाभीसँगको संवादबाट सहायता रकमसम्बन्धी विषयमा सहजीकरण हुनुका साथै फिर्ता गर्नुपर्ने भनिएको रकम मिनाहा हुनुले राष्ट्रिय खोप कार्यक्रमको वित्तीय व्यवस्थापनमा सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको मन्त्रालय स्रोतले जनाएको छ।

नेपालले राष्ट्रिय खोप कार्यक्रममार्फत बालबालिका तथा लक्षित जनसंख्यालाई विभिन्न सङ्क्रामक रोगबाट सुरक्षित राख्दै आएको छ। नियमित खोप सेवाको निरन्तरता, पहुँच र प्रभावकारिता कायम राख्न अन्तर्राष्ट्रिय साझेदारबाट प्राप्त हुने सहयोग महत्वपूर्ण रहँदै आएको मन्त्रालयको भनाइ छ।

सडक अवरुद्ध हुँदा स्याउ बिक्री गर्न कठिन

मुस्ताङ/मस- व्यापारीले केही महिनादेखि मुस्ताङको स्याउ सोचेजति बिक्री गर्न सकेका छैनन्। पूर्वमा बेनी-जोमसोम सडकमार्ग अवरुद्ध भएपछि समय सीमाभित्र स्याउ बजार पठाउन नसकेका कारण सोचेअनुसार स्याउ बिक्री हुन नसकेको हो।



केही महिनादेखि पोखरा-काठमाडौं लगायतका फलफूल बिक्रेताको गोदाममा मुस्ताङको स्याउ थुप्रिएका छन्। स्याउ खपत हुने मुख्य समयमा सडक अवरुद्ध भएकाले मुस्ताङको स्याउ जिल्लामै रोकिएको थियो। घटनस्थापनाको दुई दिनअघि मात्रै बेनी-जोमसोम सडकमार्ग सञ्चालन भएको थियो।

दसैंको अन्तिम समयमा सडक सञ्चालन भएसँगै मुस्ताङको स्याउ एकैसाथ बजार पुर्‍याउँदा व्यापारीलाई स्याउ बिक्री गर्न समस्या परेको हो। मुस्ताङमा स्याउको व्यापार गर्दै आइरहेका धादिङ खनियाबाँस गाउँपालिका-३ का व्यापारी राजु तामाङ यसपटक भने स्याउ नबिकेर तनावमा परेको बताउँछन्।

उनले मुस्ताङबाट एक करोड बढी मूल्यको स्याउ खरिद गरिएको भए पनि हालसम्म आधा मात्रै बिक्री भएको बताए।

'स्याउ किसानलाई पैसा बुझाइयो, यता स्याउ नबिकेर तनावमा परेको छु', व्यापारी तामाङले भने, 'खै लगानी कसरी उठाउने हो, दसैं पनि स्याउ बिक्री नहुँदा राम्ररी मनाउन सकिएन।'

मुस्ताङको स्याउ एकैपटक बजारमा ल्याउनुपर्दा गोदाम र मन्डी भरिएकाले स्याउको खपत हुन नसकेको हो। मुस्ताङमा यसवर्ष स्याउको उत्पादन राम्रो भएपनि बेनी-जोमसोम सडक अवरुद्ध हुँदा यहाँको स्याउ बजारमा बिक्री हुन कठिन भएको हो। यसवर्ष मुस्ताङमा १० हजार मेट्रिकटन स्याउ उत्पादन हुने प्रक्षेपण गरिएको छ।

विगतमा असोज अगावै मुस्ताङका स्याउ बिक्री भइसक्थ्यो। यसपाला सडक अवरुद्ध भएकाले मुस्ताङको स्याउ एकैसाथ बजार पुग्दा मूल्य र बिक्रीमा ह्रास आएको हो। यसवर्ष ७०० मेट्रिकटन स्याउ उत्पादन गर्ने लक्ष्य राखेका चिम्ले अचार्ड कृषि फार्मका सञ्चालक गुरुङले असोज महिनाभित्र सबै स्याउ बिक्री भइसक्नुपर्नेमा आधा मात्रै स्याउ बिक्री गरेको बताउँछन्।

'दसैंसम्म आधा स्याउ मात्रै बिक्री भएको छ, ४० प्रतिशत स्याउ टिपाइ हुन बाँकी छ', किसान गुरुङले भने, 'स्याउ खपत हुन नसक्दा बढी पाकेर स्याउ बोटबाटै झरेर नष्ट भइरहेको छ, ४०० टन जति स्याउ कोल्ड स्टोरमा राखेको छु।'

गतवर्ष स्याउको बिक्री तथा व्यवस्थापन राम्रो भए पनि यसपाला स्याउ खपत हुने सिजन सकिन लागेकाले चिन्ता बढेको उनले बताए। यसवर्ष छिटो पाक्ने स्याउ भदौ १२ र ढिलो पाक्ने स्याउ भदौ २२ गतेबाट टिपाइ गर्न पाउने जिल्लास्तरीय निर्णय गरिएको थियो।

सोही निर्णयअनुसार हरितालिका तीज पर्वको अवसरमा २० प्रतिशत स्याउ बजार पठाउन सकिएको थियो। कृषि तथा पशु विकास कार्यालय मुस्ताङले हालसम्म ५० प्रतिशत स्याउ पोखरा-काठमाडौं लगायतका सहरमा निकासी भएको जनाएको छ।

कृषि तथा पशु विकास कार्यालय प्रमुख डा लालमणि अर्यालका अनुसार यसवर्ष सडक अवरुद्धका कारण मुस्ताङको स्याउलाई बजारीकरण गर्नमा केही समस्या परेको बताए। बगैंचामा करिब ४० प्रतिशत स्याउ टिप्न बाँकी छ।

गोलबजारका तत्कालीन मेयरसहित ७ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौं/मस-अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सिरहाको गोलबजार नगरपालिकाका तत्कालीन नगरप्रमुख देवनाथ साहु तेलीसहित ७ जनाविरुद्ध १ करोड ६० लाख रुपैयाँभन्दा बढीको भ्रष्टाचार मुद्दा विशेष अदालत, काठमाडौंमा दायर गरेको छ।

गोलबजार नगरपालिकाका तत्कालीन नगरप्रमुख तेली, उपप्रमुख रेशम कुमारी थापासहितको आपसी मिलेमतोमा आर्थिक वर्ष २०७७/७८ र २०७८/७९ मा नगरपालिका क्षेत्रभित्रका पशु हाटबजार, बाखा हाटबजार र गुदरी हाटबजार सञ्चालनबापतको राजस्व असुलीमा गैरकानुनी छुट दिएको र राजस्व कोषमा दाखिला नगराई हिनामिना गरेको अख्तियारको दाबी छ।



नगरपालिकाले वडा नं. ६ र ७ मा हाटबजार सञ्चालनका लागि कुनै प्रतिस्पर्धा बिना सोझै वडा नं. ८ निवासी ठेकेदार वीरेन्द्र कुमार यादवलाई अमानतमा ठेक्का दिएको अनुसन्धानबाट खुलेको छ।

अख्तियारका अनुसार गोलबजार नगर कार्यपालिकाको मिति २०७८ साउन ४ को निर्णयद्वारा प्रचलित कानुन र विधायकीय सिद्धान्त विपरीत गैरकानुनी रूपमा २७ लाख ३४ हजार ९१३ रुपैयाँ राजस्व छुट दिने निर्णय गरिएको थियो।

त्यस्तै, कार्यपालिकाको मिति २०७८ साउन १४ को निर्णय अनुसार अमानती ठेकेदार वीरेन्द्र कुमार यादवबाट असुल गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने १ करोड ३३ लाख ११ हजार ४३१ रुपैयाँ राजस्व असुल नगरी सार्वजनिक सम्पत्तिको हानि-नोक्सानी पुर्‍याइएको थियो। यसरी आव २०७७/७८ र आव २०७८/७९ गरी कुल १ करोड ६० लाख ४६ हजार ३४४ रुपैयाँ बराबरको सार्वजनिक सम्पत्ति हानि-नोक्सानी गरेको पुष्टि भएपछि आरोपपत्र दायर गरिएको आयोगले जनाएको छ।

अख्तियारले तत्कालीन नगरप्रमुख देवनाथ साहु तेली, उपप्रमुख रेशम कुमारी थारू, तत्कालीन प्रमुख प्रशासकीय अधिकृतद्वय श्रीधर केसी र अनन्त कुमार पौड्याल, तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत राम नारायण महतो, तत्कालीन राजस्व शाखा प्रमुख दिनेश कुमार सहनी र हाटबजार ठेकेदार वीरेन्द्र कुमार यादवविरुद्ध आरोपपत्र दायर गरेको छ।

सेनाभित्र...

कसुरमा उनीहरूमाथि कारवाही गरिएको हो ?' यो प्रश्नको उत्तर रक्षा मन्त्रालयले संसद् सचिवालयमा पठाएको छ। जसमा 'श्री सैनिक अभियोजन निर्देशनालयबाट प्राप्त विवरण' भनेर विभागीय सजाय तथा सैनिक अदालतबाट कारबाहीका लागि सैनिक व्यक्तिविरुद्ध दायर भएका अभियोगपत्रको एकमुष्ट विवरण समेटिएको छ। जसभत्रि अनुशासन तथा आचरण उल्लंलन, हातपात, गयल, भगौडा, सरकारी कागजात हराएको, अवज्ञा, सम्पत्तिमा हानि-नोक्सानी, हतियार तथा अन्य सरसामान हराएको, ठगी, हत्या, झुटा व्यहोरा र कीर्तेजस्ता कसुर उल्लेख छन्।

रक्षा मन्त्रालयले दिएको विवरणअनुसार आर्थिक वर्ष २०७/७९ मा २९९ सैनिकमाथि कारबाही भएको थियो। त्यसपछिको आर्थिक वर्ष २०७९/८० मा कारबाहीमा पर्ने सैनिकको संख्या २५१ थियो। आर्थिक वर्ष २०८०/८१ मा २३३ सैनिकमाथि कारबाही भएको देखिन्छ। त्यस्तै, आर्थिक वर्ष २०८१/८२ मा ३२७ र २०८२/८३ मा ३३३ सैनिक कारबाहीमा परे। तथ्यांकमा पछिल्ला दुई आर्थिक वर्षमा कारबाहीमा पर्ने सैनिकको संख्या बढेको देखिन्छ। आर्थिक वर्ष २०७९/८० को तुलनामा २०८२/८३ मा कारबाहीमा पर्ने सैनिकको संख्या ८२ ले बढी छ।

सैनिकमाथि विभिन्न प्रकृतिका कसुरमा कारबाही भएको छ। आचरण उल्लंघन पछि भगौडा धेरै छन्। आचरण उल्लंघनमा ६५० कारबाहीमा पर्दा ४०२ जना भगौडा छन्।

गयल २२८, सम्पत्ति सम्बन्धी कसुरमा ४७, हातपात गर्ने ४३ र निर्देशनको अवज्ञा गर्ने २६ छन्। सरकारी कागजात हराएको आरोपमा १२ जना, सम्पत्ति हानि-नोक्सानीमा नौजना, हतियार तथा अन्य सरसामान हराउने १३ जना, गोलीगठ्ठा हराउने पाँचजना, ढाटछल गर्ने दुईजना र कीर्तेको आरोपमा तीनजना कारबाहीमा परेका छन्। ठगी, हत्या र झुटा व्यहोरा उपलब्ध गराएको कसूरमा एक/एकजना कारबाहीमा परेका छन्। नेपाली सेनामा अनुशासन कायम राख्न सैनिक ऐन २०६३, सैनिक सेवा नियमावली २०६९ अनुसार विभागीय सजाय र सैनिक अदालतमार्फत कारबाही हुने गरेको छ। सामान्य अनुशासनहीनता, आचारसंहिता उल्लंघन वा चेन अफ कमान्डविपरीतका साना त्रुटिमा विभागीय कारबाही हुन्छ। यसमा नसियत दिने, तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने वा सेवाबाट हटाउनेसम्मका सजाय हुन सक्छन्।

सैनिक अदालतले गम्भीर किसिमका सैनिक कसुरहरू हेर्छ। भगौडा हुने, युद्धसम्बन्धी कसुर, हतियार वा सरकारी सम्पत्तिको दुरुपयोग, आदेशको गम्भीर अवहेलनामा सैनिक अदालतबाट कारबाही हुन्छ।

सैनिक अदालतले कसुरको प्रकृति हेरी कैद, जरिवाना वा कोर्ट मार्सलद्वारा सेवाबाट बर्खास्त गर्नेसम्मको सजाय तोक्न सक्छ।

सैनिक आचारसंहिताअन्तर्गत अनुशासनलाई कडाइका साथ पालना गराउन नेपाली सेनाले सैनिक आचारसंहिता २०७६ लागू गरेको छ। यसले सेवारत तथा अवकाशप्राप्त सैनिकहरूका लागि आचरणसम्बन्धी नियम तय गरेको छ। जसको उल्लंघन गरे कारबाहीमा पर्न सक्छन्।

प्रधानमन्त्री...

प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा गरी १८ अर्ब ९ करोड ३२ लाख ३६ हजार ८५२ रुपैयाँ मौज्दात पुगेको छ। कोषका नौवटा वाणिज्य बैंकका खातामा १३ अर्ब ४८ करोड ४ लाख २९ हजार ६४ रुपैयाँ मौज्दात छ। त्यस्तै, हिमालयन बैंक र लक्ष्मी सनराइज बैंकमा रहेका अमेरिकी डलर खातामा ३ करोड ४ लाख ९१ हजार ४४४ अमेरिकी डलर जम्मा भएको छ।

यो रकम रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीपछि राहत तथा पुनर्निर्माणका लागि जुटाइएको हो। तर, सबैभन्दा बढी प्रभावित क्षेत्र उत्तरगया गाउँपालिका-४ का वडाध्यक्ष अमरबहादुर बुलुनका अनुसार केन्द्र सरकारबाट हालसम्म राहत तथा पुनर्स्थापनाका लागि रकम प्राप्त भएको छैन। 'किरिया खर्चका लागि भनेर बजेट पठाएको छ रे भन्ने सुनेका छौं, तर सरकारले बाढीबाट बेपत्ता भएकाहरूलाई मृत घोषणा गरेको छैन,' उनले भने, 'मृत घोषणा नगरेपछि बजेट पाइँदैन, त्यस्तो नाम मात्रको बजेटको के काम ?'

उनका अनुसार ७० जना बाढीप्रभावित अझै होल्डिङ सेन्टरमा बस्दै आएका छन्। गाउँपालिकाले स्थापना गरेको विपद् व्यवस्थापन कोष र दाताहरूको सहयोगबाट प्राप्त रकमले प्रभावितलाई राहत सामग्री उपलब्ध गराइएको छ। बजेट प्राप्त भए प्रभावितलाई होल्डिङ सेन्टरबाट कोठा भाडामा लिएर अस्थायी आवासमा पठाउने योजना रहेको उनले बताए।

सरकारले २०८३ भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको बाढीपछि स्वदेश तथा विदेशबाट आर्थिक सहयोगका लागि सार्वजनिक आह्वान गरेको थियो। त्यसयता विभिन्न व्यक्ति, संस्था तथा अन्य स्रोतबाट कोषमा रकम जम्मा हुने क्रम जारी छ।

किस्पाङ गाउँपालिका, नुवाकोटका सूचना अधिकारी सत्यराज जोशीका अनुसार बाढीप्रभावितलाई निजी संस्थाहरूले उपलब्ध गराएका सामग्रीबाट राहत दिइँदै आइएको छ। 'बाढीप्रभावितहरू अहिले होल्डिङ सेन्टरमा कोही पनि हुनुहुँदैन, मासिक ४ हजारका दरले कोठा भाडा गाउँपालिकाले प्रदान गर्दै आएको छ,' उनले भने, 'केन्द्रीय सरकारले दसैंपछि रकम पठाउने कुरा हो, अब रकम आउँछ होला।' बाढी प्रभावितको पुनर्स्थापनाका लागि गाउँपालिकाले उनीहरूसँग छलफल गरिरहेको उनले बताए।

एक अर्ब निकासा, खर्चको विवरण अस्पष्ट

कोषमा अर्बौं रुपैयाँ जम्मा भए पनि राहत वितरणको मूल्यांकन गर्दा कुल मौज्दातलाई मात्र आधार बनाउन मिल्दैन। रकम कुन निकायमा निकासा भयो, कुन प्रयोजनमा खर्च भयो, कति परिवारले सहायता पाए र कति रकम वितरण हुन बाँकी छ भन्ने विवरणले मात्रै कोषको प्रभावकारिता देखाउँछ। कोषमा कति रकम जम्मा भयो भन्ने विवरण सार्वजनिक गर्नु पारदर्शिताको एउटा पक्ष हो। तर, मंगलबार सार्वजनिक विवरणमा रकम कहाँ निकासा भयो, कुन प्रयोजनमा खर्च भयो, कति लाभग्राहीले सहायता पाए र कति रकम खर्च हुन बाँकी छ भन्ने खुलाइएको छैन।

यस विषयमा मध्यान्हकर्मीले बुझ्न खोज्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रवक्ताको फोन बन्द थियो। सूचना अधिकारीलाई समाचारका लागि सन्देश पठाउँदासमेत प्रतिक्रिया प्राप्त भएन।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख धर्मराज उप्रेतीका अनुसार कोषबाट प्राधिकरणको खातामा एक अर्ब रुपैयाँ निकासा भएको छ। त्यसमध्ये ३७ करोड रुपैयाँ विभिन्न जिल्लामा पठाइएको छ। उनका अनुसार १४ प्रभावित पालिकालाई १३ करोड रुपैयाँ उपलब्ध गराइएको छ। तर, निकासा, स्थानीय तहमा हस्तान्तरण र अन्तिम लाभग्राहीलाई गरिएको भुक्तानीको छुट्टाछुट्टै विवरण सार्वजनिक गरिएको छैन।

हालसम्मको खर्च प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषबाट नभई केन्द्रीय विपद् व्यवस्थापन कोषबाट भइरहेको छ। 'केन्द्रीय विपद् कोषमा करिब चार अर्ब रुपैयाँ मौज्दात थियो, त्यसैबाट प्राधिकरणले हालसम्म ३७ करोड रुपैयाँ खर्चिएको हो,' उनले भने। तर, बाढी आएको दुई महिना बितिसक्दा पनि सरकारले पुनर्निर्माणलाई तीव्रता दिन सकेको छैन।

मलेसियाको...

छन्। नेपाल इजाजतप्राप्त सबै म्यानपावर कम्पनीबाट मलेसियामा श्रमिक जान पाउनुपर्ने पक्षमा छ। केही समयअघि प्रधानमन्त्री वालेन्द्र शाह र मलेसियाली समकक्षी अनवर इब्राहिमबीच नेपाली श्रमिक भर्नामा बिचौलिया तथा सिन्डिकेट अन्त्य गर्ने विषयमा छलफल भएको सार्वजनिक भएको थियो।

सिन्डिकेट र बिचौलियाले कामदारलाई हानि पुऱ्याउने भन्दै प्रधानमन्त्री शाहले दुवै देशका श्रममन्त्रीबीच प्रत्यक्ष वार्ताका माध्यमबाट समस्याको समाधान गर्नसमेत आह्वान गरेका थिए। तर, मलेसियामा नेपाली श्रमिकको भर्ना प्रक्रियाका विभिन्न चरण अवरुद्ध भए पनि गतिरोध अन्त्य भएको छैन।

इटहरीमा...

बयानका लागि उपस्थित हुन पत्राचार गरिएको पनि उनले बताएका छन्। प्राप्त कागजात र शाखा कार्यालय प्रमुखको बयानपछि थप प्रक्रिया अघि बढाइने कार्यालयले जनाएको छ।

साइनबोर्डका आधारमा अवैध रूपमा सञ्चालन भइरहेका केही कार्यालयमा अनुगमन टोली नपुग्दै ताला लगाएर सञ्चालक भागेको बताइएको छ। अनुगमनको सूचना चुहिएका कारण धेरैजसो कार्यालय बन्द गरेर सञ्चालक भागेको हुन सक्ने आकलन गरिएको छ।

इटहरीका धरान लाइन, गोरखा गल्ली, लन्डन होटल र टेंग्रा पुलपारि म्यानपावर कम्पनीका वैध र अवैध कार्यालयहरू रहेका छन्। निरीक्षणका क्रममा कतिपयले घरभाडासमेत नदिएर दुःख दिएको गुनासो घरधनीहरूबाट आएको छ। उनीहरूले अवैधानिक रूपमा शाखा सञ्चालन हुन नदिन स्थानीय प्रहरीले कडाइ गर्नुपर्ने मागसमेत गरेका छन्।

सुक्खा बन्दरगाहका प्रवेशद्वार २४ घण्टै सञ्चालन गर्न निर्देशन

काठमाडौं/मस-प्रतिनिधिसभा पूर्वाधार विकास समितिका सभापति आशिष गजुरेलले वीरगञ्ज सुक्खा बन्दरगाह र वीरगञ्ज एकीकृत जाँचचौकीका प्रवेशद्वार २४ घण्टा सञ्चालन गर्ने व्यवस्था मिलाउन निर्देशन दिएका छन्।

सभापति गजुरेल र बारा निर्वाचन क्षेत्र नं. ३ का प्रतिनिधिसभा सदस्य अरविन्द साहले वीरगञ्ज भन्सार कार्यालयअन्तर्गतका दुवै बन्दरगाहको स्थलगत अनुगमन गर्दै सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाउन यस्तो निर्देशन दिएका हुन्।

पूर्वाधार विकास समितिका सभापति गजुरेलको निजी सचिवालयका अनुसार अनुगमनका क्रममा बन्दरगाहको भौतिक पूर्वाधार, व्यवस्थापकीय अवस्था र सञ्चालन प्रक्रियाबारे जानकारी लिइएको थियो।

सार्वजनिक-निजी साझेदारी (पिपिपी) अवधारणाअन्तर्गत निजी क्षेत्रबाट सञ्चालन भइरहेका ती



बन्दरगाह हाल पारवहन तथा गोदाम व्यवस्थापन कम्पनीमार्फत सञ्चालन हुँदै आएका छन्।

इन्टरमोडल यातायात विकास समिति र पारवहन तथा गोदाम व्यवस्थापन कम्पनी एकीकरण भएपछि दुवै बन्दरगाहको व्यवस्थापन उक्त कम्पनीले गर्दै आएको हो।

अनुगमनका क्रममा गजुरेल र साहले एकीकरणपछिको सञ्चालन अवस्था, व्यवस्थापकीय प्रभावकारिता, सेवा प्रवाहमा देखिएका समस्या तथा सुधारका सम्भावनाबारे जानकारी लिएका थिए। उनीहरूले पारवहन तथा गोदाम व्यवस्थापन कम्पनीका सहायक प्रबन्धक कमल ज्ञवाली, सुक्खा बन्दरगाह सञ्चालक कम्पनी प्रिस्टिन भ्यालीका प्रमुख कार्यकारी अधिकृत राजीव मोहन झा तथा एकीकृत जाँचचौकी सञ्चालक कम्पनी टीआरएस लजिपार्कका व्यवस्थापक गणेशप्रसाद घिमिरेलगायतसँग छलफल गरेका थिए।

वीरगन्ज सुक्खा बन्दरगाहमा औसतमा मासिक ११० वटा मालवाहक रेल आउने गरेका छन् भने वीरगञ्ज एकीकृत जाँचचौकीबाट दैनिक औसत ८०० वटा मालवाहक सवारीसाधन आवतजावत गर्ने गरेका छन्।

सभापति गजुरेलले रेलसम्बन्धी पूर्वाधारको प्रभावकारी उपयोग, रेल सञ्चालनलाई व्यवस्थित बनाउने र मालसामान ढुवानी प्रक्रियालाई सहज बनाउने विषयमा पनि आवश्यक निर्देशन दिएका छन्।

नेपालमा रासायनिक मलको आपूर्तिमा रेलमार्गको महत्त्वपूर्ण भूमिका रहेकाले मल आयातसम्बन्धी भन्सार प्रक्रिया सहज, छरितो र व्यवस्थित बनाउन पनि उनले सुझाव दिएका थिए।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७६/०१/२९ मा दर्ता भएको **प्रा. लि. नं. २१४८९९** को श्री **भक्तपुर मिनीबस यातायात प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०७/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

भूल सुधार

मिति २०८३/०६/३० गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित मलेसियामा रोजगार शिर्षक कम्पनीको नाम : **TAIPAN MUAR SDN BHD, चलानी नं: ६०२६२४९२ र L.T. No.: 349527** को विज्ञापनमा **पूर्व स्वीकृत मिति : २०८३/०६/२९,** हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।
Miracle Employment Service (P.) Ltd
Po.Box: 20525, Baluwatar, Kathmandu, Nepal, Tel.: 01- 4416930, 4415239

कुवेतमा रोजगार
कम्पनी : NESTO HYPERMARKET COMPANY W.L.L — शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/१०/१४ — चलानी नं.: ६०२५१४१५ — L.T. No.: 337905 — पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	न्यूनतम योग्यता	मासिक तलब: KD	मासिक तलब: ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Warehours Helpers	8	34	स. काममा दक्ष	100	४८,८५७	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक १८ गते (4 November 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD. — श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.) गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२, नवराज रिजाल: ९७१२०७४०७८

युएईमा रोजगार
कम्पनी: NESTO MANAGEMENT OFFICE L.L.C SOLE PROPRIETORSHIP SHJ BR — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८३/०४/१२ — चलानी नं.: ६०२५८९१७ — L.T. No.: 345546 — पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	न्यूनतम योग्यता	मासिक तलब: AED	मासिक तलब: ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	shop assistant sales dept.	100	100	स. काममा दक्ष	1200	५०,०४०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक १८ गते (4 November 2026) मा हुनेछ।
अन्तर्वार्ता भक्तपुर गार्डेन रिसोर्ट, चितवनमा २०८३ कार्तिक १९ गते (5 November 2026) मा हुनेछ।
अन्तर्वार्ता बाजेको सेकुवा, पोखरा, कास्कीमा २०८३ कार्तिक २० गते (6 November 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

BROTHER RECRUITMENT
श्रम इजाजत पत्र नं.: १६३९/०८०/०८१
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, MILLY MAHARJAN 9712074073

मलेसियामा रोजगार
कम्पनी: AT PRECISION TOOLING SDN BHD — शहर: PENANG
पूर्व स्वीकृत मिति: २०८३/०७/१० — चलानी नं.: ६०२६२८८५ — LT. No.: 349728

सि. नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	न्यूनतम योग्यता	मासिक तलब: RM	मासिक तलब: ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	(Factory/general) Worker	3	0	स. काममा दक्ष	1700	६३,४२७	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक १८ गते (4 November 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि शुल्क

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

क्याराभान एच.आर. सोलुसन प्रा. लि.
श्रम इजाजत नं. १६५१/०८०/०८१
टोखा-५, काठमाडौं, फोन: ०१-४०१६९८६ । ९८५१२३८८७३
E-mail: caravanhrsolution@gmail.com

सालझण्डी–सन्धिखर्क–ढोरपाटन सडक निर्माण तीव्र

सूर्यप्रसाद भुसाल/मध्यान्ह
अर्घाखाँची, १० कात्तिक

रुपन्देहीको सालझण्डीदेखि अर्घाखाँची हुँदै बागलुङको ढोरपाटनसम्म जोड्ने सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडक आयोजनाको निर्माणले तीव्रता पाएको छ । ढोरपाटन सडकअन्तर्गतका विभिन्न खण्डमा निर्माण, ग्राभेल तथा कालोपत्रेको काम अघि बढेको छ ।

भौतिक पूर्वाधारमन्त्री सुनील लम्सालले दसैं बिदा सकिएलगत्तै गुल्मीको पुर्कोट दहदेखि अर्खवाङ खण्डमा पर्ने पुर्कोट दह बजार र म्यालपोखरी बजारलगायत क्षेत्रमा डबल बिटुमिनस सर्फेस ड्रेसिङ (डिबिएसडी) प्रविधिबाट सडक कालोपत्रे गर्ने काम सुरु गरिएको बताए । तिहारअघि पुर्कोट दहदेखि कल्लेभिर खण्डको करिब ७.३ किलोमिटर सडक कालोपत्रे गर्ने तयारी गरिएको उल्लेख छ। यसका लागि आवश्यक निर्माण सामग्रीको व्यवस्थापनसमेत गरिएको मन्त्री लम्सालले बताएका छन् । मन्त्रीको निर्देशनसँगै सडक आयोजनाअन्तर्गत अर्घाखाँचीका विभिन्न खण्डमा समेत निर्माणमा तीव्रता दिइएको छ । पटौटी-मौदान र माटे-भण्डार खण्डमा काम अघि बढेको छ । गुल्मी र बागलुङका



विभिन्न खण्डसँगै अर्घाखाँचीमा पनि सडक निर्माणले गति लिन थालेपछि जिल्लाको सडक सञ्जाल थप व्यवस्थित हुनेछ ।

मैदानदेखि बलेवाङसम्मको सडक खण्डको ठेक्का प्रक्रिया सम्पन्न भइसकेको छ । त्यस्तै, बागलुङको देवीस्थानदेखि सालझण्डीतर्फको बतासेडाँडासम्म तथा मध्यपहाडी लोकमार्गदेखि ढोरपाटनतर्फको लक्ष्मीकुण्ड जाने सडक खण्डको ठेक्का प्रक्रिया पनि सम्पन्न भएको छ। बागलुङको बुर्तिवाङदेखि फल्लेघरसम्मको २२ किलोमिटर सडकमा ग्राभेल गर्ने काम सम्पन्न भएको छ भने फल्लेघर-रुद्रताल खण्डमा समेत निर्माण कार्य अघि बढाइएको छ ।

यस सडकखण्ड अर्घाखाँचीको पुष्पा बिल्डर्सले निर्माण कार्यको ठेक्का लिएर काम निरन्तर अगाडि बढाएको आयोजना प्रमुख गागलकुमार भण्डारीले बताए । आयोजनाको निर्धारित मापदण्ड, गुणस्तर र समयसीमाअनुसार काम सम्पन्न हुने भण्डारीले बताए । आयोजना प्रमुख भण्डारी आफैं फिल्डमै खटिएर काम गरिरहेका छन् । सडक निर्माणमा ठेक्का सम्झौताअनुसारको काम प्रगति, गुणस्तरीय निर्माण सामग्रीको प्रयोग, प्रभावकारी प्राविधिक निगरानी र नियमित अनुगमनसमेत भइरहेको छ ।

तोकिएको समयमै गुणस्तरीय सडक निर्माण सम्पन्न गर्नु आयोजनासँग भएको सम्झौताअनुसार काम सम्पन्न गर्नु आफूहरूको दायित्व भएको पुष्पा बिल्डर्सका सञ्चालक इन्जिनियर मनोज बन्जाडेले बताए । रुपन्देहीको सालझण्डीदेखि बागलुङको ढोरपाटनसम्म फैलिएको १९७.२ किलोमिटर लामो यो सडकले पाँच जिल्ला र १० वटा स्थानीय तहलाई जोड्ने सडक आयोजना हो । आयोजनाको समग्र भौतिक प्रगति ४९ प्रतिशत पुगेको छ । यो सडक पूर्ण रूपमा सञ्चालनमा आएपछि रुपन्देही, अर्घाखाँची, गुल्मी र बागलुङलगायत सडक सञ्जालले समेट्ने क्षेत्रका बासिन्दालाई आवागमनमा सहजता पुग्नेछ । साथै, कृषि उत्पादनको बजारीकरण, स्थानीय व्यापार, पर्यटन प्रवर्धन र ग्रामीण क्षेत्रको आर्थिक गतिविधि विस्तारमा समेत योगदान पुग्ने अपेक्षा गरिएको छ ।

विपद्प्रभावित वडाका क्षतिको विस्तृत विवरण माग्दै संसदीय विशेष समिति

काठमाडौं/मस– राष्ट्रिय सभा अन्तर्गतको भोटेकोशी एवं कालीगण्डकी कोरिडोर विपद्सम्बन्धी अध्ययन तथा अनुगमन संसदीय विशेष समितिले सरकारसँग विपद् प्रभावित वडास्तरमा पुगेको राहत र भएको क्षतिको विस्तृत विवरण माग्ने भएको छ ।

समितिको मंगलवार बसेको बैठकमा सभापति कृष्णप्रसाद पौडेलले सरकारले वडागत रूपमा राहत वितरण र भएको क्षतिको विस्तृत विवरण समितिलाई दिनुपर्ने बताएका हुन् । सरकारले राहत वितरणको समग्र तथ्यांक मात्र उपलब्ध गराएर नपुग्ने भन्दै उनले प्रभावित पालिका र वडागत रूपमा राहत तथा क्षतिको विवरण दिनुपर्ने बताए । समितिले प्रभावित प्रत्येक वडामा कति नगद राहत, खाद्यान्न र कस्तो सहायता उपलब्ध गराइयो भन्ने विवरण सरकारसँग माग्ने उनको भनाइ छ । त्यसका लागि सम्बन्धित मन्त्रालयसँग समन्वय गरी तथ्यांक व्यवस्थित रूपमा उपलब्ध गराउन उहाँले समितिको सचिवालयलाई उनले आग्रह गरे । खोज, उद्धार र राहत वितरणको प्रारम्भिक चरण लगभग सकिएको उल्लेख गर्दै उनले अब प्रभावित नागरिकले उठाएका गुनासा सम्बोधन गर्न र सरकारी तथ्यांकको वास्तविकता जाँच्न केन्द्रित हुनुपर्नेमा जोड दिए ।

समितिले सरकारी विवरण र स्थानीय तहबाट प्राप्त तथ्यांक भिडाएर प्रमाणीकरण गरेपछि मात्रै स्थलगत अनुगमनमा जाने उनको भनाइ छ । समितिमा प्रस्तावित कार्ययोजनाअनुसार कात्तिक १७ देखि २१ गतेसम्म रसुवा, नुवाकोट र धादिङका विपद् प्रभावित क्षेत्रको अनुगमन गर्ने तयारी गरेको छ ।

अनुगमनका क्रममा सम्बन्धित जिल्लाका संघीय तथा प्रदेश सांसद, प्रभावित गाउँपालिका र नगरपालिका, वडा प्रतिनिधि, संघीय संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलका जिल्ला सभापति तथा अन्य सरोकारवालासँग अन्तरक्रिया र छलफल गर्ने जनाएको छ । प्रस्तावित कार्यक्रमअनुसार धादिङमा गल्छी क्षेत्रमा, नुवाकोटमा विदुरमा र रसुवामा धुन्चेमा छलफल गर्ने तयारी छ ।

काठमाडौंमा प्रहरीको 'स्विप अपरेसन'

काठमाडौं/मस– काठमाडौं उपत्यकामा आपराधिक गतिविधि नियन्त्रण तथा शान्तिसुरक्षा कायम गर्ने उद्देश्यले नेपाल प्रहरीले सञ्चालन गरेको विशेष 'स्विप अपरेसन' मा ७५ जना पक्राउ परेका छन् । जिल्ला प्रहरी परिसर काठमाडौंका अनुसार गएको २४ घण्टामा काठमाडौंका विभिन्न स्थानमा सञ्चालन गरिएको विशेष सुरक्षा अभियानमा उनीहरूलाई पक्राउ गरिएको हो । पक्राउ पर्नेमध्ये ६० पुरुष र १४ जना महिला छन । त्यस अपरेसनमा अन्य एक जनालाई पनि नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

परिसरका प्रवक्ता एवं प्रहरी उपरीक्षक दानबहादुर थापाले समाजमा शान्ति, सुव्यवस्था कायम गरी आपराधिक गतिविधि रोकथाम तथा नियन्त्रण गर्ने उद्देश्यले विशेष प्रहरी परिचालन गरी स्विप अपरेसन सञ्चालन गरिएको जानकारी दिए । उनका अनुसार सार्वजनिकस्थल, सार्वजनिक यातायातका साधन, सरकारी तथा सार्वजनिक सेवा प्रवाह गर्ने कार्यालय आसपासका क्षेत्रलगायत नागरिकको बढी आवतजावत हुने स्थानलाई लक्षित गरी अभियान सञ्चालन गरिएको हो ।

प्रहरीले सार्वजनिकस्थल तथा यातायातका साधनमा सेवाग्राही र सर्वसाधारणमाथि हातपात गर्ने, होहल्ला तथा हुलहुज्जत गर्ने, दुर्व्यवहार गर्ने, चोरी, लुटपाट, बिचौलियाको गतिविधि सञ्चालन गर्ने तथा गुण्डागर्दीजस्ता आपराधिक गतिविधिमा संलग्न रहेको आशंकामा विभिन्न व्यक्तिलाई नियन्त्रणमा लिएको जनाएको छ । उक्त अभियानका क्रममा विभिन्न मुद्दामा अदालतबाट दोषी ठहर भई दण्ड तथा सजाय तोकिएका आठजना कसुरदारसमेत पक्राउ परेका छन् ।

VACANCY ANNOUNCEMENT

यस स्थानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

- Public Relation Officer (PRO) - (3 Male / 2 Female)
- Accounting - 2 (Female)
- Office Secretary - 2 (Female)

Salary Negotiable

▸ Experience in Manpower Sector.

Interested candidate can send their CV at grandpearl555@gmail.com

Grand Pearl International Pvt.Ltd.
Basundhara 3, Kathmandu, Nepal Mob.: 9810092580, 9801045660
Website : grandpearlintl.com
Govt. Lic. No. 1555/079/080

नेपाल सरकार
वैदेशिक रोजगार विभाग, काठमाडौं

दावी विरोध सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८३/०७/११

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **FIRST GROWTH WORLDWIDE EMPLOYMENT SERVICES PVT. LTD. (ई.प.नं. ३३/०४८/०४९)** ले यस विभाग समक्ष तपसिल बमोजिमको शाखा कार्यालयहरु बन्द गरि धरौटी रकम फिर्ता गरि पाउँ भनि निवेदन पेश गरेकोले सो सम्बन्धमा शाखा कार्यालय बन्दको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सबुद प्रमाण सहित वैदेशिक रोजगार विभागको संस्था दर्ता तथा समन्वय शाखामा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८३/०६/२३ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शाखा कार्यालयको अनुमति पत्र रद्द गरि धरौटी रकम फिर्ता भई जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

क्र.सं.	शाखा कार्यालय रहेको ठेगाना	शाखा प्रमुखको नाम
१	कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं.-०९	कास्की जिल्ला, पोखरा नगरपालिका वडा नं.-०७ बस्ने विरेन्द्र श्रेष्ठ

Road Division Mahendranagar

Notice for the Intent to Accept the Bid

(Date of publication: 2083/07/11 (28th October 2026)

This is to notify (as per section 27(2) of Public Procurement Act 2063) to all the concerned bidders that, our intention is to award following contracts to following bidders selected as substantially evaluated responsive bid closest to average bid price fulfilling the qualification criterion.

S. N	Contract Number	Project Name	Name and Address of the Contractor	Quoted Amount NRs.(Including VAT & PS)
1	RDMNR/ 33701138/83/84-17	Retaining Structures & Side Drain Works On Postal Highway Khairipur-Bhitariya Section (Ch-889+910 to 907+910).	M/s Bhumi-Ascent JV, Dhangadhi-05, Kailali	26,721,907.65
2	RDMNR/ 33701138/83/84-18	Construction of Drainage Works of Mahendra Highway (Ch-934+000 & 947+200).	M/s Himanshi-Bista JV, Sahajpur, Kailali	26,595,181.27
3	RDMNR/ 33701138/83/84-19	(Black top construction works in Chadani-Bhimdatta-Bramdev-Panchesowar – Jhulaghat Road.)	M/s Bashuling Anil Construction Private Limited, Dodhara Chandani-03, Kanchanpur	27,173,218.00
4	RDMNR/ 33701193/83/84-20	Road Improvements on Works Bedkote Municipality Ward 2,3 and 4 lai jodne Daije Jagbuda.	M/s N.S.T. Construction Pvt. Ltd, Nepalgunj	46,002,997.22

Division Chief

नबिल बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मितिः २०८३/०७/११)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरिकाहरु अपनाई समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८३/५/१५ को नेपाल समाचारपत्र दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल/अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको **१५ (पन्ध्र) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपूर्वक भरी यस बैंकको **बुटवल योगीकुटी शाखा, रुपन्देही**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा रापफाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

संयुक्त ऋणीहरुको नाम र ठेगानाको विवरण

मेढई पासीको नाति सोमई पासीको छोरा रुपन्देही जिल्ला सिक्टहन गा.वि.स. वडा नं. ०२ स्थायी घर भई हाल रुपन्देही जिल्ला देवदह न.पा वडा नं. १२ बस्ने, ना.प्र.नं. १२/२९ (जारी मितिः २०४४/१२/०१, स्थान रुपन्देही) भएका **दुलारे पासी** र सोमई पासीको नाति दुलारे पासीको छोरा रुपन्देही जिल्ला सिक्टहन गा.वि.स. वडा नं. ०२ स्थायी घर भई हाल रुपन्देही जिल्ला देवदह न.पा वडा नं. १२ बस्ने, ना.प्र.नं. ३७१००५/२७२५८ (जारी मितिः २०६६/११/०५, स्थान रुपन्देही) भएका **मनोज पासी** ।

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

१. विर्जराज पासीकी छोरी सोमई पासीकी बुहारी दुलारे पासीकी श्रीमती रुपन्देही जिल्ला सिक्टहन गा.वि.स. वडा नं. ०२ स्थायी घर भई हाल रुपन्देही जिल्ला देवदह न.पा वडा नं. १२ बस्ने, ना.प्र.नं. ४८४३ (जारी मितिः २०६२/०६/०४, स्थान रुपन्देही) भएकी **विन्द्रावती पासी** ।

२. मोहर पासीकी छोरी दुलारे पासीकी बुहारी मनोज पासीकी श्रीमती रुपन्देही जिल्ला देवदह गा.वि.स. वडा नं. १२ स्थायी घर भई हाल रुपन्देही जिल्ला देवदह न.पा वडा नं. १२ बस्ने, ना.प्र.नं. ३७-०१-७६-०५९८४ (जारी मितिः २०७६/०५/०१, स्थान रुपन्देही) भएकी **ज्ञानमती पासी** ।

३. सोमई पासीको नाति दुलारे पासीको छोरा रुपन्देही जिल्ला सिक्टहन गा.वि.स. वडा नं. ०२ स्थायी घर भई हाल रुपन्देही जिल्ला देवदह न.पा वडा नं. १२ बस्ने, ना.प्र.नं. ३७३००५/८४ (जारी मितिः २०६३/१०/१०, स्थान रुपन्देही) भएका **जय प्रकाश पासी** ।

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरण:

रुपन्देही जिल्ला सिक्टहन गा.वि.स. वडा नं. ०२ स्थायी घर भई हाल रुपन्देही जिल्ला देवदह न.पा वडा नं. १२ बस्ने **दुलारे पासी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रुपन्देही जिल्ला सिक्टहन गा.वि.स. वडा नं. ०१ सिट नं ०१ मा अवस्थित कि.नं. ४५५ क्षेत्रफल ९५६.६६ व.मि. जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

सवारी साधनको विवरण:

ऋणी **दुलारे पासी, मनोज पासी** र यस बैंक समेत भएको सवारी साधन दर्ता नं. लु ४ ग ५९५७ भएको Agriking Tractor.

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम रु १०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा बुटवल योगीकुटी शाखा, रुपन्देही**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।

२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/७/२७ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा बुटवल योगीकुटी शाखा, रुपन्देही**मा बुझाई सक्नु पर्नेछ ।

३. प्राप्त बोलपत्रहरु मिति २०८३/७/३० गते ३:०० बजे बैंकको, **बुटवल योगीकुटी शाखा, रुपन्देही**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदै मा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।

४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।

५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।

६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ । धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन ।

७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदातालाले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।

८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।

९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीबापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै ब्याज प्रदान गरिने छैन ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन । साथै, बैंकलाई आवश्यक लागेमा यस लिलामी प्रक्रियामा परेका बोलपत्रहरुलाई यथावत राखी Swiss Challenge Auction Model अनुसार पुनः धितो लिलामको सूचना प्रकाशित गर्न सक्नेछ । सो सम्बन्धी व्यवस्था बैंकद्वारा स्वीकृत Swiss Challenge Auction Model को कार्यविधि अनुसार हुनेछ ।

११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा बुटवल योगीकुटी शाखा, रुपन्देही**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।

१२.अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

यूएईमा रोजगार

कम्पनी: NADAFA CLEANING SERVICES LLC
पूर्व स्वीकृत मितिः २०८३/०३/०९ चलानी नं.: ६७२५७३१४
L.T. No.:343943
शहर : UAE.AJMAN
पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaners (Male)	1	0	स. कामना दक्ष	1000	४१५४०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक १८ गते (4 November 2026) मा हुनेछ ।

स्वदेशमा बसी भौतिकरुको शुल्क लाग्ने व्यहोर्ने र कति लाग्ने	विदेशमा बसी भौतिकरुको खर्च लाग्ने व्यहोर्ने	स्वदेशमा गरिने म्याद थप/ जीवन बिमा लाग्ने व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र बिमाबिना जानै निर्ने	कामदारलाई हवाइ टिकट लाग्ने दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	निःशुल्क भिसा लाग्ने व्यहोर्ने	अभिमुखीकरण शुल्क लाग्ने व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४८६ कामदारले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. ९,७०० कामदारले	नि:शुल्क

